जो बिहान वा बेलुका मस्जिद जान्छ, अल्लाहले उसको लागि स्वर्गमा स्वागतका लागि स्थान तयार गर्नुहुन्छ, हरेक पटक जब ऊ बिहान वा बेलुका मस्जिद जान्छ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ : "जो बिहान वा बेलुका मस्जिद जान्छ, अल्लाहले उसको लागि स्वर्गमा स्वागतका लागि स्थान तयार गर्नुहुन्छ, हरेक पटक जब ऊ बिहान वा बेलुका मस्जिद जान्छ।" [सही] [मुत्तफकुन अलैहि]

अल्लाहका नबी (सल्लल्लाहु अलैहि व सल्लम) ले उपासना, ज्ञान आर्जन, वा अन्य सुभ उद्देश्यका लागि दिनको सुरु वा अन्तिमसमयमा मस्जिद आउने व्यक्तिका लागि शुभ खबर दिनु भएको छ, चाहे राती वा दिनको जुनसुकै समयमा आओस्; अल्लाह तआला उसका लागि (जन्नत) स्वर्गमा स्थान र आतिथ्य तयार गर्नु भएको हुन्छ ।

http://sunnah.global/hadeeth/ne/show/5436